सुदूरपश्चिम विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय

**स्नातक तह कानून सङ्काय दशौँ सेमेस्टरको मौका परीक्षा (Chance Exam) Online परीक्षा आवेदन फाराम प्रविष्टि गर्ने सम्बन्धी सूचना ।**

सूचना प्रकाशित मिति : २०८३।०३।२६ गते

सुदूरपश्चिम विश्वविद्यालय कानून सङ्कायमा सेमेस्टर प्रणाली सञ्चालन सम्बन्धी कार्यविधि २०८२ परिच्छेद ५ को नियम १७ मा "सत्रान्त परीक्षाको कुनै विषयमा अनुत्तीर्ण हुने विद्यार्थी सोही सत्रको पछिल्लो नियमित परीक्षामा सहभागी हुन पाउनेछन् । दशौँ सेमेस्टरको परीक्षामा दुई विषयमा अनुत्तीर्ण हुने विद्यार्थीलाई मौका परीक्षा दिनबाट वञ्चित गरिने छैन तर त्यस्तो विद्यार्थी आठौँ सत्रसम्म उत्तीर्ण भएको हुनु पर्नेछ" व्यवस्था भए अनुसार ***दुई विषयमा* अनुत्तीर्ण** भएका विद्यार्थीहरूले सुदूरपश्चिम विश्वविद्यालय परीक्षा नियन्त्रण कार्यालय महेन्द्रनगरद्वारा २०८३ सालमा संचालन हुने स्नातक तह कानून सङ्काय (विए.एलएलवि) **दशौँ** सेमेस्टरको मौका परीक्षा दिने परीक्षार्थीहरू स्वयम्ले यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal मा Login** गरी या **www.exam.fwu.edu.np** मा **login** गरी **२०८३/०४/०८ गते** सम्म अनिवार्यरुपमा निम्नानुसार आ-आफ्नो विवरण प्रविष्टि गर्न सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**निम्न**

१. फाराम भर्दा वि.वि को नियमावली/(स्वीकृत विषय) तथा पाठ्यक्रमले तोके बमोजिम विषयहरू मात्र भर्नु पर्ने छ। अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।

२. यस कार्यालयको **Website: www.fwuexam.edu.np मा Online Portal मा Click** गरी **Login** गर्ने या **www.exam.fwu.edu.np** मा गई **Login** गर्ने । **Login** गर्नको लागि **User Name** मा आफ्नो **रजिष्ट्रेसन नम्वर** राख्ने र **Password** मा आफ्नो **जन्म मिति** राख्ने । यसरी पहिलो पटक **Login** गरेपछि विद्यार्थीले अनिवार्यरुपमा **Password Change** गर्नु पर्नेछ । यसरी **Password Change** गर्नको लागि **Current Password Box** मा सोही **Password** (जन्म मिति) राख्ने, **New Password Box** मा नयाँ **Password** राख्ने र **New Password Confirm Box** मा नयाँ राखेको **Password पुनः** राखेर **Save Changes** मा **Click** गर्ने । यसरी **Password Change** गरिसकेपछि पुनः रजिष्ट्रेसन नम्बर र नयाँ परिवर्तन गरेको **Password** राखी **Login** गर्नु पर्ने छ ।

३. त्यसपछि पेजको दायाँपट्टी देखिने पहिलो बक्समा विद्यार्थीले पासपोर्ट साइजको दुवै कान प्रष्ट देखिने गरी Background क्लियर भएको फोटो र दोस्रो बक्समा लाइन नभएको सेतो कागजमा हस्ताक्षरको बढिमा 2MB को **.jpg वा .png file Upload** गर्ने ।

४. पेजको बायाँपट्टी **Dash board** मा रहेको **Exam forms** मा या **Pencil (✎)** जस्तो देखिने चित्रमा **Click** गरेर आफूले फाराम भर्ने सङ्काय, तह, समेस्टर र परीक्षा वर्ष लेखेको समूह (Exam Schedule) को दायँपट्टी रहेको **Pay Rs 800** मा **Click** गर्ने ।

५. त्यसपछि शुल्क भुक्तानिको लागि तलपट्टी रहेको खल्ती **Khalti App** वा **Connect IPS** वा **eSewa** को चित्र **(Icon)** मा **Click** गर्ने र आफ्नो **Khalti/Connect IPS/eSewa** को ID/Username र Passsword राखी **Submit** मा **Click** गर्ने ।

६. शुल्क भुक्तानी गरिसकेपछि सम्वन्धित सेमेस्टरका सबै विषयहरू देखिने छन् । विद्यार्थीहरूले आफूले परीक्षा दिने विषयको Column को **Check Box (☐)** मा **Tick (☑)** गर्ने । (विषय छनोट गर्दा फरक विषयहरू छनोट गरेको खण्डमा परीक्षा दिन पाइने छैन । त्यसैले विषय छनोट गर्दा प्रत्येक विद्यार्थीहरूले परीक्षा दिने विषय र कोड नम्बर अनिवार्य थाहापाउनु पर्ने छ । अन्यथा भएमा प.नि.का. जवाफदेही हुने छैन ।)

७. विषय छनोट गरिसकेपछि तलपट्टी रहेको **Submit Application** मा **Click** गर्ने ।

**नोटः क्याम्पस/विभागले** आ-फ्नो विद्यार्थीले भरेका प्रत्येक फारामहरू रूजु गरेर **Submit** गर्नु पर्नेछ ।

परीक्षा नियन्त्रक